# SEVEN PROMISES

## From the Words of Jesus

# येशूका बचनहरुबाट सात प्रतिज्ञाहरु

**Nepali Edition**
**नेपाली संस्करण**




R. Herbert

नेपालीमा अनुवाद : दुर्गा जंङ्ग कुँवर

# SEVEN PROMISES
## From the Words of Jesus

# येशूका बचनहरुबाट सात प्रतिज्ञाहरु

**By R. Herbert**

नेपालीमा अनुवाद : दुर्गा जंङ्ग कुँवर

**© 2024, Living Belief Books** द्वारा प्रकाशित तथा LivingWithFaith.org द्वारा मुद्रित ।

नेपाली भाषामा अनुवाद तथा सम्पादन दुर्गा जंङ्ग कुँवर © २०२४ । यस ई-पुस्तकमा रहेका पाठ र चित्रहरूमा प्रतिलिपि अधिकार रहेका छ। सर्वाधिकार लेखकमा सुरक्षित

।**ISBN 979-8-89443-909-9**

यो पुस्तक बिक्रि गर्नको लागी होईन । यो शुल्क बिना उपलब्ध गराइन्छ र निःशुल्क प्रतिलिपिहरू यहाँबाट डाउनलोड गर्न सकिन्छः LivingWithFaith.org or TacticalChristianity.org. or FreeChristianEBooks.org.

नेपाली भाषामा अनुवाद गरिएको यस संस्करणमा प्रयोग गरिएका बाइबलका खण्ड र पदहरु नेपाल बाइबल सोसाईटिद्वारा प्रकाशित नेपाली नयाँ संशोधित संस्करण बाइबलबाट लिइएको छ ।

लेखकको बारेमा: लेखकले धेरै वर्षसम्म एक नियुक्त सेवक र मण्डलीको पास्टरको रूपमा सेवा गरेका छन । उनले प्राचीन निकट पूर्व बाइबलीय संसारको भाषा, संस्कृति र पुरातत्वमा बिद्यावारिधि (पीएच.डी) गरेका छन । उनले धेरै खीष्टियन प्रकाशनहरू लेखेका छन तथा TacticalChristianity.org र LivingWithFaith.org वेबसाइटहरूको लागि लेख्नेगर्छन । उनका अन्य ई-पुस्तकहरू ती वेबसाइटहरू र FreeChristianEBooks.org बाट समेत निःशुल्क डाउनलोडको लागि उपलब्ध छन् ।

अनुवादकको बारेमा : दुर्गा जंङ्ग कुँवर हाल बहराईन देशमा रोजगार तथा बहराईनमा रहेको पहिलो नेपाली मण्डली बहराईन नेपाली मण्डली मा अभिषित्त एल्डरको सेवाकाई गर्दै आउनुभएको छ । यो पुस्तक तयार गर्दा सम्म उहाँ नेपाली इन्टरनेशनल थियोलोजिकल सेमिनारी मा एम.डिभ पाँचौ सेमेस्टरमा अध्ययन गर्दै रहनुभएको छ ।

**आवरण : आधार फोटो © *leddamarita* द्वारा ।**

# बिषय सुचि


परिचय Introduction

१.स्वीकार्यता Acceptance

२.सहयोग Help

३.सेवा Service

४.विश्राम Rest

५.नविकरण Renewal

६.उपस्थिति Presence

७.पहिचान Recognition

निष्कर्ष Conclusion

हाम्रो पुस्तकहरुको बारेमा About Our Books

# परिचय
# Introduction

बाइबलमा लेखिएका प्रतिज्ञाहरू धर्मशास्त्रका सबैभन्दा महत्वपूर्ण बचनहरू मध्येका हुन् र तिनीहरू हजारौँको सङ्ख्यामा छन ,वास्तवमा, उत्पत्तिको पहिलो अध्यायदेखि प्रकाशको अन्तिम अध्यायसम्म करिब सात हजार प्रतिज्ञाहरू पाइन्छन् भनी अनुमान गरिएको छ । तर के यी सबै प्रतिज्ञाहरू महत्वपूर्ण छन् त ? अनि हाम्रा लागि महत्वपूर्ण हुने प्रतिज्ञाहरूलाई हामी कसरी पहिचान गर्न सक्छौं ?

पक्कै पनि, कुनै प्रतिज्ञा त्यसलाई गर्ने व्यक्तिको विश्वासयोग्यतामा निर्भर गर्दछ, र बाइबलमा लेखिएका केही प्रतिज्ञाहरू वास्तवमा झूट हुन् - जस्तो कि मत्ती ४:९ मा शैतानले भनेको छ, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु ।"मानिसहरूले गरेका प्रतिज्ञाहरू सधैं विश्वासयोग्य थिएनन् - जस्तो कि एक शास्त्रीले येशूसँग भने, "गुरुज्यू, तपाईं जहाँ-जहाँ जानुहुन्छ, म तपाईंलाई पछ्याउनेछु " (मत्ती ८:१९), तर उनले त्यो पूरा गरेनन् । जब हामी परमेश्वरले गरेका सत्य प्रतिज्ञाहरू मात्र हेर्छौं, तब पनि हामी विभिन्न प्रकारका प्रतिज्ञाहरू देख्छौं ।

भविष्यवाणीहरू र प्रतिज्ञाहरूबीच प्रायः भिन्नता हुन्छ । एक अर्थमा, भविष्यवाणी भनेको परमेश्वरले भविष्यका बारेमा गर्नुभएको प्रतिज्ञा हो, तर धेरै भविष्यवाणीहरू अब अतीतमा भएका घटनाहरूमा लागू हुन्छन् र धेरैजसो सर्तसहितको हुन्छन् - ती निश्चित सर्तहरू पूरा भएमा मात्र सम्पन्न हुन्छन् । प्रेरित पावलले लेखेझैं, भविष्यवाणीहरू विभिन्न कारणले "असफल" हुन सक्छन् वा पूरा नहुन पनि सक्छन् (१ कोरिन्थी १३:८) । तर, परमेश्वरले प्रेम गर्ने र उहाँको आज्ञा पालन गर्नेहरूलाई दिनुभएको केही प्रतिज्ञाहरू भने बिना कुनै शर्त हुने र कहिल्यै असफल नहुने हुन्छन् (१ राजा ८:५६) ।

जब हामी यो पुस्तकमा जस्तै "क्षेत्रलाई सिमित गर्दछौ ", हामी येशूले आफ्नो पृथ्वीमा सेवा गर्दा गरेका प्रतिज्ञाहरूप्रति मात्र ध्यान दिन्छौं, त्यहाँ सयौं प्रतिज्ञाहरू छन् जसलाई विचार गर्न सकिन्छ । यद्यपि ती मध्ये धेरै भविष्यवाणी छन् उदाहरणका लागि, केवल ती व्यक्तिहरूलाई लागू हुन्छ जो परमेश्वरलाई अस्वीकार गर्छन्, जबकि अन्यहरू ती प्रतिज्ञाहरू हुन् जुन स्पष्ट रूपमा ती व्यक्तिहरूलाई

दिइन्छ जसले आफ्नो जीवनलाई परमेश्वरमा समर्पण गर्छन् र उहाँको आज्ञा पालन गर्न प्रयास गर्छन् । त्यस्तो प्रकारको प्रतिज्ञा विशेष गरी हरेक विश्वासीको लागि चासो र महत्वको विषय हो, र यो पुस्तकमा हामी विशेष गरी यस्ता प्रतिज्ञाहरूमै ध्यान केन्द्रित गर्दछौं ।

हामी यी विशेष महत्वपूर्ण प्रतिज्ञाहरूलाई सरल र उपयोगी तरिकाले छुट्याउन सक्छौं । प्राय जसो प्रतिज्ञा प्रायः "म गर्नेछु" भन्ने शब्दहरूबाट सुरू हुन्छ र त्यसपछि त्यो व्यक्तिले गर्ने प्रतिज्ञा बताइन्छ । धेरैजसो विश्वासीहरू येशूले यूहन्ना लेखिएको सुसमाचार (यूहन्ना ८:१२; आदि) मा दिनुभएको सातवटा "म हूँ" भन्ने कथनहरूसँग परिचित छन्, जसले उहाँको स्वभावका विभिन्न पक्षहरू प्रकट गर्छ । येशूका "म गर्नेछु" भन्ने कथनहरूले उहाँका प्रतिज्ञाहरूलाई अभिव्यक्त गर्छन्, जुन "म हूँ" भन्ने कथनहरूजस्तै छन्, तर धेरै विश्वास गर्नेहरूका लागि कम परिचित छन् । यी "म गर्नेछु" भन्ने कथनहरू विशेष रूपमा महत्वपूर्ण छन्, जसले परमेश्वरको उद्देश्यहरू पूरा गर्नमा येशूको व्यक्तिगत संलग्नतालाई प्रकट गर्दछ तर यहाँ पनि हामी सबैभन्दा महत्वपूर्ण प्रतिज्ञाहरूमा केन्द्रित हुनका लागि केही पक्षहरूलाई अलग गर्न सक्छौं ।

१. येशूले गर्नुभएका केही प्रतिज्ञाहरू केवल उहाँलाई मात्र लागू हुनेखालका थिए । उदाहरणका लागि, उहाँले भन्नुभयो," किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त अङ्गुरको रस म पिउनेछैनँ।" (लूका २२:१८), र अर्को ठाउँमा उहाँले भविष्यवाणी गर्नुभयो, "तीन दिनपछि म फेरि बिउँझिनेछु" (मत्ती २७:६३) । यी प्रतिज्ञाहरू येशूको विशेष उद्देश्य, उहाँको क्रूसमा बलिदान र मृत्युपछि पुनरुत्थानसँग गहिरो रूपमा सम्बन्धित छन् । यी वचनहरू केवल येशूको जीवन र सेवाको अद्वितीय पक्षलाई प्रकट गर्दछन् ।

२.येशूले केही व्यक्तिहरूसँग बोलेका निश्चित प्रतिज्ञाहरू जुन शर्तसहित थिए । उदाहरणका लागि, ती व्यक्तिहरूलाई जसले उहाँलाई फसाउन खोजेका थिए, यीशुले भन्नुभयो, येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "म पनि तिमीहरूलाई एउटा प्रश्न सोध्छु । मलाई त्यसको उत्तर दियौ भने, म कुन अधिकारले यी काम गर्दछु, सो तिमीहरूलाई बताउनेछु" (मत्ती २१:२४) । त्यसैगरी, एफिससको मण्डलीलाई उहाँले चेतावनी दिनुभयो, "यसकारण कहाँबाट तिमी खसेका छौ, सो सम्झ, र पश्चात्ताप गर, अनि तिमीले पहिले गरेका काम गर, नत्रता म तिमीकहाँ

आएर, तिमीले पश्चात्ताप गरेनौ भने, तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु" (प्रकाश २:५) ।

३. येशूको समयमा व्यक्तिगत रूपमा व्यक्त गरिएका केही प्रतिज्ञाहरू निःशर्त थिए। यस्ता प्रतिज्ञाहरूमा येशूको वचनहरू सामेल छन्, जस्तैः "तर म मृत्युबाट जीवित भएपछि तिमीहरूभन्दा अगि गालीलमा जानेछु" (मत्ती २६:३२) र 'हेर, आज र भोलि म भूतहरू धपाउँछु र निको पार्ने काम गर्छु, अनि तेस्रो दिनचाहिँ मेरो कार्य पूर्ण हुनेछ" (लूका १३:३२) । यी वचनहरूमा येशूले आफ्नो योजना र उद्देश्य स्पष्ट रूपमा प्रकट गर्नुभएको छ, जसलाई कुनै शर्तले बाँधिएको छैन । उहाँका वचनहरू निश्चयपूर्वक पूरा हुने प्रतिज्ञाहरू हुन्, जसले उहाँको ईश्वरीय अधिकार र विश्वासयोग्यतासँगै उहाँको उद्देश्यमाथिको दृढ निश्चयलाई प्रकट गर्दछ ।

यदि हामी माथि उल्लेखित प्रकारका प्रतिज्ञाहरूलाई एकछिनका लागि छोडिदिऔं भने, येशूले आफ्ना विशवासीहरूसँग गर्नुभएको सात विशेष, बिना सर्त, निरन्तर र पूर्ण रूपमा विश्वास गर्न योग्य प्रतिज्ञाहरू बाँकी रहन्छन् । यी "म गर्नेछु" भन्नुहुने प्रतिज्ञा हुन्, जसमा उहाँले हरेक युगका विश्वासीहरूलाई प्रदान गर्ने वरदानहरूको प्रतिज्ञा गर्नुभएको छ - र यी प्रतिज्ञा तपाईंसँग पनि उत्तिकै लागू हुन्छन् जति अरू कुनै व्यक्तिसँग इतिहासमा भएको थियो । यस पुस्तकले ती सात अद्भुत प्रतिज्ञाहरूको गहिरो अध्ययन गर्दछ ।

यी प्रतिज्ञाहरू हामी विश्वासीहरूका रूपमा हामीलाई लागू हुने क्रमअनुसार गरिएको छ । जब हामी पहिलो पटक उहाँकहाँ आउँछौं, ख्रीष्टियन जीवनका विभिन्न पक्षहरूमा उहाँको हामीसँगको अन्तरक्रियादेखि लिएर हामीलाई उहाँसँग साझा गर्न प्रतिज्ञा गरिएको अनन्त भविष्यसम्म । तपाईंलाई लागू हुने यिनभन्दा महत्त्वपूर्ण कुनै अन्य प्रतिज्ञाहरू छैनन् ।

# १.स्वीकार्यता
# Acceptance

पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ (यूहन्ना ६:३७) ।

“तपाईंले शायद पुरानो भनाइ सुन्नुभएको होला : “हजारौं माइलको यात्रा एउटा सानो कदमबाट सुरु हुन्छ ।” यद्यपि खीष्टतर्फको हाम्रो यात्रा लामो हुन आवश्यक छैन, पहिलो कदम भने निश्चित रूपमा सबैभन्दा महत्त्वपूर्ण हुन्छ । यही पहिलो कदमको बारेमा येशूले आफ्नो 'म गर्नेछु' भन्ने वचनहरू मध्ये पहिलो वचनमा कुरा गर्नुभएको थियो, जसलाई हामी यस पुस्तकमा अध्ययन गर्दैछौं ।

उहाँको प्रतिज्ञाको प्रसङ्ग निकै रोचक छ । यूहन्ना ६ अध्याय मानव दृष्टिकोणबाट येशूको सेवकाइको उच्चतम र न्यूनतम बिन्दु दुवैलाई समेट्दछ । अध्यायको सुरुवातमा हामी देख्छौं कि येशू अत्यन्त लोकप्रिय हुनुहुन्थ्यो र धेरै मानिसहरूले उहाँलाई राजा बनाउन चाहन्थे (पद २, १४-१५) । तर अध्यायको अन्त्यतिर, हामी देख्छौं कि उहाँको पछि लागिरहेका धेरै मानिसहरूले उहाँलाई त्यागेर फर्किएका थिए (पद ६६) । यस्तै समयमा, येशूले आफ्ना बाँकी चेलाहरूसँग स्पष्ट पार्नुभयो कि किन धेरै मानिसहरूले उहाँलाई छोडेका थिए, र अर्कोतर्फ, उहाँकहाँ आउने कुनै पनि मानिसलाई कहिल्यै अस्वीकार नगर्ने प्रतिज्ञा गर्नुभयो ।

यो कथनले पहिलो नजरमा देखिनेभन्दा धेरै गहिरो अर्थ बोकेको छ । यूहन्ना ६:३७ ले उद्धारका केही अत्यन्त महत्वपूर्ण पक्षहरूको सारांश प्रस्तुत गर्छ - परमेश्वर पिताले खेल्ने भूमिका, हाम्रो आफ्नै भूमिका, र स्वयं येशूको भूमिका - साथै यसमा एक महान् प्रतिज्ञा पनि संलग्न छ येशूको यस भनाइको प्रत्येक अंशलाई ध्यानपूर्वक अध्ययन गर्दा हामी यी भूमिकाहरूलाई अझ राम्रोसँग बुझ्न सक्छौं र यसमा संलग्न प्रतिज्ञाबाट महान् हौसला प्राप्त गर्न सक्छौं ।

## पिताको भूमिका

येशूको वचनको पहिलो अर्धभाग : “पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्,” भन्ने वचन गहिरो अर्थ र महत्वले भरिएको छ । नयाँ नियम लेखिएको ग्रिक भाषामा “सबै” भन्ने शब्द अप्रत्यक्ष रूपमा प्रयोग गरिएको छ, जसले ठूलो

समूहलाई जनाउँछ, तर "आउनेहरू" भनेको व्यक्ति-व्यक्तिगत तहमा बुझिन्छ । यसले देखाउँछ कि हामीलाई समूहको रूपमा ख्रीष्टलाई दिइएको भए तापनि, हाम्रो आफ्नै इच्छाशक्ति संलग्न नभएर, प्रत्येक व्यक्तिले चाहेमा ख्रीष्टकहाँ आउन अस्वीकार गर्न सक्छ । बाह्र जना चेलाहरू ख्रीष्टलाई दिइएका थिए, तर सबै उहाँकहाँ आएनन् (यूहन्ना १७:१२) । ख्रीष्टले आफ्ना समयमा यहूदीहरूलाई भन्नुभयो, तापनि "तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ "( यूहन्ना ५:४०) ।

यो प्रतिज्ञाले देखाउँछ कि जबसम्म परमेश्वर पिता हामीलाई खिच्नुहुन्न र हाम्रो हृदयलाई उद्धारको सत्यलाई बुझ्न खोल्नुहुन्न, तबसम्म हामी ख्रीष्टकहाँ आउन सक्दैनौं,अनि जब उहाँले खिच्नुहुन्छ, त्यसपछि हामी स्वतन्त्र रूपमा आउन सक्छौं । यसले हामीलाई पिता र पुत्रको एकताको बारेमा अन्तरदृष्टि दिन्छ, जसलाई येशूले जोड दिँदै भन्नुभयो " पिता र म एक हौं" (यूहन्ना १०:३०) "येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै ह ुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन "(यूहन्ना १४:६) । तर, पिताको भूमिका प्राथमिक रहन्छ भन्ने कुरा येशूले स्पष्ट पार्नुभयो : "मेरा पिताले ती मलाई दिनुभएको छ; उहाँ सबैभन्दा महान् हुनुहुन्छ । पिताको हातबाट कसैले तिनीहरूलाई खोसी लानेछैनन् ।" ( यूहन्ना १०:२९) । यो आफैमा सु-समाचार हो ! परमेश्वरले हामीलाई ख्रीष्टकहाँ आउने अवसर दिनु भएपछि, यदि हामी आफैंले त्यो अवसरलाई स्वीकार गर्छौं भने, कसैले पनि त्यसलाई रोक्न सक्दैन । क्रुसमा टाँगिएको चोरले ख्रीष्टकहाँ फर्किएको घटनाले यस कुराको स्पष्ट बाइबलिय उदाहरण दिन्छ (लूका २३:३९-४३) ।

## हाम्रो भूमिका

ख्रीष्टकहाँ आउनुको अर्थ हो कि हामीले उहाँको सहयोगको आवश्यकता पहिचान गर्दछौं र उहाँले हामीलाई मद्दत गर्न सक्नुहुन्छ भन्ने विश्वास गर्दछौं । यसको अर्थ हामी उहाँकहाँ यस बोधसहित आउँछौं कि हामी पापी, अभावग्रस्त र दीन-हीन छौं, र उहाँको दयामा आफूलाई समर्पित गर्दछौं, किनभने उहाँ मात्र हाम्रो उद्धारकर्ता हुनुहुन्छ । यो सबै कुरा पुरानो नियमको यस सरल प्रतिज्ञामा निहित छ : "परमप्रभुको नाउँ लिने हरेकले उद्धार पाउनेछ । किनकि परमप्रभुले

भन्नुभएअनुसार सियोन पर्वत र यरूशलेममा परमप्रभुले बोलाउनुभएअनुसार बाँचेकाहरूको छुटकारा हुनेछ ।" (योएल २:३२; रोमि १०:१३ पनि हेर्नुहोस) । तर त्यहाँ जोड "सबैजना" मा दिइएको छ,उद्धारको ढोका सबैका लागि खुला गरिएकोमा , नकि हामीले उद्धार प्राप्त गर्नका लागि अरू के गर्न आवश्यक छ भन्ने कुरामा । येशूले हाम्रो भूमिकाको यस पक्षलाई आफ्नो वचनको संदर्भमा यसरी उल्लेख गर्नुभएको थियो : "किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु ।" (यूहन्ना ६:४०) ।

यहाँ हामीले उद्धारमा पिताको भूमिकालाई फेरि देख्छौँ, तर यसमा हाम्रो आफ्नै भूमिकाको स्पष्टीकरण पनि छ: खीष्टकहाँ आउनेहरूले पुत्रलाई हेर्नु मात्र होइन, उहाँमा विश्वास पनि गर्नुपर्छ । धेरै विद्वानहरूले टिप्पणी गरेका छन् कि "हेर्छ" ( NIV) र "निहाल्छ" (ESV) वा "देख्छ" (KJV; आदि) जस्ता अनुवादहरू वास्तवमा त्यति सशक्त छैनन् । ग्रीक शब्दको अर्थ यस्तो हेर्नु हो, जसले "चिन्तन गर्ने" भाव प्रकट गर्छ । खीष्टकहाँ आउँदा हाम्रो पहिलो जिम्मेवारी भनेको उहाँको बोलावट र हाम्रो प्रतिक्रियालाई गहिरो गरी सोच-विचार गर्नु हो । हजारौँ मानिसहरूले येशूलाई उहाँको भौतिक सेवाकालमा देखे र सुने, तर थोरै व्यक्तिहरूले मात्रै उहाँको शिक्षालाई गहिरो गरी विचार गरे (यूहन्ना ६:३६) ।

हामीले खीष्टले भन्नुभएको कुरा विचार गरिसकेपछि, हामीले सक्रिय रूपमा खीष्टकहाँ आउनु आवश्यक छ , उहाँलाई खोज्नु र हाम्रो इच्छालाई पश्चातापपूर्ण मनोभावका साथ उहाँको इच्छातर्फ लैजानु । यही अर्थमा येशूले भन्नुभएको थियो : "अनि ती सबै जना परमेश्वरद्वारा सिकाइनेछन्' भनी अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ। प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ" ।(यूहन्ना ६:४५) । वास्तवमा, यी वचनहरूमा प्रयोग गरिएको ग्रीक शब्द 'आउनु' साधारण रूपमा कसैलाई वा कुनै वस्तुतर्फ जाने क्रियालाई मात्र जनाउने शब्द होइन, बरु सामान्यतया 'आइपुग्नु' भन्ने अर्थमा प्रयोग हुन्छ । खीष्टकहाँ 'आधा आउन' भन्ने कुरा हुँदैन; हामीले यात्रा सुरू गर्नु मात्र होइन, गन्तव्यसम्म आइपुग्नै पर्छ !

हाम्रो अन्तिम जिम्मेवारी भनेको खीष्टमाथि विश्वास गर्नु हो - जसरी उहाँले स्वयं भन्नुभएको छ (यूहन्ना ३:१५), र हामी निरन्तर नयाँ करारमा पढ्छौं (यूहन्ना ३:१६-१८; रोम १०:९; आदि) । यस पुस्तकको पाँचौं अध्यायमा हामी हाम्रो भूमिकाको यस पक्षलाई अझ विस्तृत रूपमा हेर्नेछौं, तर अहिलेका लागि हामी

यसलाई यसरी निष्कर्ष निकाल्न सक्छौं कि येशूले आउनु र विश्वास गर्नुको यी दुई पक्षलाई कसरी सँगै राख्नुभएको थियो, जब उहाँले भन्नुभयो: येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ । मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन ।" (यूहन्ना ६:३५) ।

## खीष्टको भूमिका

खीष्टको वचनको अन्तिम भाग : "मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ" ले उहाँको भूमिका स्पष्ट पार्छ । यसले देखाउँछ कि उहाँ सबैलाई, जो साँचो हृदयले उहाँतर्फ आउँछन्, स्वीकार गर्नुहुन्छ र यदि तिनीहरू दृढ रहिरहे भने, कहिल्यै अस्वीकार गर्नुहुने छैन । यो एक अद्भुत दोहोरो प्रतिज्ञा हो । यसको अर्थ हो कि हाम्रा अघिल्ला पापहरू र हाम्रो वर्तमान अवस्था उहाँको स्वीकृतिका लागि कुनै बाधा हुँदैन । उहाँले कहिल्यै कसैलाई अस्वीकार गर्नुहुन्न जो साँचो हृदयले उहाँकहाँ फर्कन्छ । तर यहाँ "आउनु" भन्ने कुरामा बारम्बार जोड दिइएको छ । खीष्टको नाम केवल मुखले स्वीकार गर्नेहरू होइन, तर जो साँच्चै उहाँतर्फ आउँछन्, तिनलाई उहाँले कहिल्यै अस्वीकार गर्नुहुन्न । "खीष्टकहाँ आउनुहोस" भन्ने आह्वानमा प्रतिक्रिया जनाएर हामीले आउने प्रतिज्ञा गर्नु र साँच्चै आउने कार्य गर्नु एकै कुरा होइन । यसलाई यसरी तुलना गर्न सकिन्छ: बिदाको योजना बनाएर टिकट बुक गर्नु र वास्तवमै बिदामा जानु एकै कुरा होइन । तर जब हामी साँच्चै खीष्टतर्फ फर्कन्छौं र हाम्रो जीवन उहाँतर्फ डोर्याउन थाल्छौं, उहाँको स्वीकृतिको ग्यारेन्टी पूर्ण र अटल हुन्छ ।
येशूका वचनहरूले यस अर्थ पनि दिन्छ कि जब हामी उहाँकहाँ आउँछौं, उहाँले हाम्रो असफलता जेसुकै भए पनि, जबसम्म हामी पश्चाताप गर्छौं र उहाँसँग बस्न चाहन्छौं, तबसम्म उहाँले हामीलाई कहिल्यै अस्वीकार गर्नुहुन्न । यसले हामीलाई उहाँको वचनको सुरुवातमा जोडिएको परमेश्वरको इच्छासम्म फिर्ता ल्याउँछ: "र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ "। (यूहन्ना ६:३९) । साथै, उहाँले भन्नुभएको छ कि पिता परमेश्वरको इच्छा यही हो कि उहाँले पिताद्वारा दिनु भएका सबैलाई अनन्त जीवन दिनुहोस् (यूहन्ना १७:२) । यसको अर्थ, अवश्य पनि, यो होइन कि खीष्टियनहरूले

परमेश्वरको आज्ञा दिनहुँ तोड्न सक्छन् किनकि उहाँले हामीलाई कहिल्यै अस्वीकार नगर्ने ग्यारेन्टी दिनुभएको छ (फिलिप्पी २:१२-१३) । येशूको यस प्रतिज्ञाको अर्थ के हो भने परमेश्वरले उद्धारलाई तिनीहरूका लागि उपलब्ध गराउनुभएको छ, जो ख्रीष्टकहाँ आउँछन् । र जो साँच्चै उहाँकहाँ आउँछन्, तिनीहरू कहिल्यै अस्वीकार हुने छैनन् । जब हामी हाम्रो विगत वा वर्तमान असफलताका कारण निराश हुन्छौं, हामी यस प्रतिज्ञाका वचनहरूमा आश्रय लिन सक्छौं । नयाँ नियममा यस्ता केही वचनहरू छन्, जुन यी वचनहरू जत्तिकै हृदयलाई हौसला दिने छन : "पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ "(यूहन्ना ६:३७) ।

# २.सहयोग
# Help

१६.र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ ।१७.यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ । तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ । १८."म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ । म तिमीहरूकहाँ आउनेछु ( यूहन्ना १४:१६-१८ ) ।

खीष्टमा पहिलो पटक आउँदा, हामीलाई लाग्न सक्छ कि त्यही हाम्रो विश्वासको यात्राको सबैभन्दा ठूलो भाग वा सम्पूर्णता हो । तर चाँडै नै हामी बुझ्छौं कि वास्तवमा खीष्टमा आउनु केवल उहाँसँगको यात्राको सुरुवात हो, जुन हाम्रो जीवनको अन्त्यसम्म जारी रहनेछ। हामी यस कुरा पनि छिट्टै सिक्छौं कि यो यात्रा हामी उहाँको मार्गदर्शन, सहयोग, र समर्थन बिना पूरा गर्न सक्षम हुने छैनौं । सौभाग्यवश, त्यो सबै कुरा परमेश्वरको योजनामा पहिले नै समावेश गरिएको थियो, र येशूको "म गर्नेछु" भन्ने प्रतिज्ञाले हामीलाई उहाँसँगको यात्रामा आवश्यक पर्ने कुरा प्रत्यक्ष रूपमा सम्बोधन गर्दछ ।
जब येशूले भने, "म तिमीहरूकहाँ आउनेछु" (पद १८), उहाँले प्रष्ट रूपमा देखापर्ने कुरा भनेका होइनन्, तर परमेश्वरको आत्माको वास हाम्रो हृदयमा हुने माध्यमबाट उहाँ हामीसँग उपस्थित हुनुहुनेछ भन्ने कुरा बताउनुभएको हो । यो सत्यता पवित्रशास्त्रका पदहरूमा प्रष्ट देख्न सकिन्छ, जस्तैः "परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एक अर्कोलाई प्रेम गऱ्यौं भने परमेश्वर हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ । उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको हुनाले हामी यो जान्दछौं कि हामी उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ " (१ यूहन्ना ४:१२-१३), "र तिमीहरूको शरीर पवित्र आत्माको मनदिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ " (१ कोरिन्थी ६:१९) ।

## आत्मिक एकता

यस पुस्तकको पहिलो अध्यायमा हामीले येशूको प्रतिज्ञाको अध्ययन गर्दा देख्यौं कि परमेश्वर पिता, येशू स्वयं, र हामी बीच प्रतिज्ञा पूरा गर्नका लागि छुट्टाछुट्टै तर आपसमा सम्बन्धित भूमिकाहरू निर्वाह गरिन्छ। तर, यहाँ हेरिरहेको प्रतिज्ञामा, एक जना विश्वास गर्ने व्यक्ति खीष्टकहाँ पुगेपछि, पिता र पुत्रको भूमिकामा अद्भुत एकता देख्न सकिन्छ।

"जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ" (यूहन्ना १५:२६)।

यदि खीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन्। तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, खीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ (रोमी ८:१०-११)।

तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता!" भनेर पुकार्नुहुन्छ (गलाती ४:६)।

यी पदहरू र यस्तै अन्य पदहरू लाई सँगै राख्दा हामी हेर्न सक्छौ कि पवित्र आत्मालाई पिता परमेश्वरको आत्मा र पुत्रको आत्मा दुबै भनिएको छ, र उहाँलाई पिता परमेश्वरले पठाउनुभएको र खीष्टले पनि पठाउनुभएको बताइएको छ। यसको कारण, अवश्य पनि, पिता र पुत्र एक हुनु हो (यूहन्ना १०:३०), र जब हामी परमेश्वरको आत्मा प्राप्त गर्छौं, हामी पनि त्यस एकतामा तानिन्छौं। खीष्टको आत्मा ग्रहण गर्दा हामी उहाँसँग एकतामा बाँधिन्छौं, ताकि तर जो प्रभुसँग एक हुन्छ, त्यो उहाँसँग आत्मामा एउटै हुनेछ (१ कोरिन्थी ६:१७)। यही कुरा येशूले भन्नुभएको हो जब उहाँले भने, "त्यस दिन तिमीहरूले जान्नेछौ, कि म मेरा पितामा छु, र तिमीहरू ममा, र म तिमीहरूमा छु। मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेलाई मेरा

पिताले प्रेम गर्नुहुन्छ । म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु” (यूहन्ना १४:२०-२१) ।

परमेश्वरको आत्माले हामीलाई परमेश्वरसँग एकता गराउनुहुन्छ, हामीलाई परमेश्वरका सन्तान बनाउनुहुन्छ (रोमी ८:१५), र हामीलाई आत्मिक जीवन दिनुहुन्छ - जसले गर्दा हामी अन्ततः परमेश्वरको राज्यमा प्रवेश गर्न सक्षम हुन्छौँ (यूहन्ना ३:५-८; एफिसी १:१३-१४)। आत्माले हाम्रो दैनिक विश्वासको जीवनमा पनि सहयोग गर्नुहुन्छ, र यही नै येशूको वचनको उद्देश्य थियो ।

## सहायक

येशूले आफ्ना चेलाहरूलाई पवित्र आत्मा पठाउने प्रतिज्ञा गर्नुभयो (यूहन्ना १४:१६, २६; १५:२६; १६:७), त्यहाँ नयाँ नियममा प्रयोग भएको ग्रीक शब्द ‘पराक्लेतोस’ हो, जसको अर्थ हो “अर्काको छेउमा बोलाइने व्यक्ति” । यो बोलाइको उद्देश्य सहायता, सान्त्वना, परामर्श, वा समर्थन गर्नका लागि हुन सक्छ। यही कारणले गर्दा विभिन्न बाइबल अनुवादहरूले यस शब्दलाई फरक-फरक तरिकाले अनुवाद गरेका छन् - “अधिवक्ता” (NIV, NLT, आदि), “सान्त्वनादाता” (KJV, ASV, आदि), “परामर्शदाता” (CSB, WEB, आदि), र “सहायक” (ESV, BLB, ISV, NASB, NKJV, आदि) । यी अनुवादहरूमध्ये “सहायक” शब्द सबैभन्दा उपयुक्त मानिन्छ किनभने यसले अन्य सबै अर्थहरूलाई आफ्नो भित्र समेट्छ र अहिले प्रायः अंग्रेजी बाइबल संस्करणहरूले यही शब्द प्रयोग गर्ने गरेका छन् ।

येशूले भन्नुभएको “अर्को सहयोगी” (यूहन्ना १४:१६) भन्ने शब्दले सहयोगीको स्वभावलाई स्पष्ट पार्छ, जसको अर्थ उहाँजस्तै अर्को सहयोगी हो । आफ्नो पृथ्वीमा भएको सेवाकालमा येशूले आफ्ना अनुयायीहरूलाई अनगिन्ती अवसरहरूमा परामर्श दिनुभएको, मार्गदर्शन गर्नुभएको, सान्त्वना दिनुभएको, सच्याउनुभएको र सहयोग गर्नुभएको थियो । उहाँले प्रतिज्ञा गर्नुभएको सहयोगीले यस्तै कार्यहरू गर्नेछ, किनकि परमेश्वरको आत्मा भनेको येशूको आत्मा हो (प्रेरित १६:७; रोमी ८:१०; आदि)। यद्यपि येशू अहिले स्वर्गमा हुनुहुन्छ र पिता परमेश्वरको दाहिने हातमा बस्नुभएको छ (मकुर्स १६:१९; प्रेरित ७:५५-५६; आदि), उहाँ आफ्नो आत्माको माध्यमबाट हामीसँग रहन सक्षम हुनुहुन्छ । उहाँले भन्नुभएको थियो,

"म तिमीहरूलाई टुहुरा जस्तो छाड्नेछैन, म तिमीहरूकहाँ आउनेछु" (यूहन्ना १४:१८) - र उहाँको हामीकहाँ आउनुको उद्देश्य हामीलाई सहायता गर्नु नै हो ।

## हामीलाई दिइएको सहायता

यी साँचो कुरा जसको प्रतिज्ञा येशूले हामीलाई आफ्नो आत्माद्वारा दिनुभएको छ, अत्यन्तै विशाल छ । यो अद्भुत प्रतिज्ञाको दायरा बुझ्नको लागि सबैभन्दा राम्रो तरीका भनेको हामीलाई बताइएको आत्माको कामका तरिकाहरूलाई सूचीबद्ध गर्नु हो । यी तरिकाहरूमा समावेश छन् (तर यी मात्र सीमित छैनन!) कि सहायकले:

१.हामीलाई मण्डलीको अंश बनाउछ, जसले हामीलाई अन्य विश्वासीहरूसँगको एकता र साझेदारीको प्रोत्साहन दिन्छ (२ कोरिन्थी १३:१४; रोमी १:११-१२; फिलिप्पी १:१-२) ।

२.हामीलाई सत्यमा मार्गदर्शन गर्दछ र हामीलाई परमेश्वरको वचनलाई हाम्रो दैनिक जीवनमा बुझ्न र लागु गर्न मद्दत गर्दछ (१ कोरिन्थी २:१२)।

३.हामी पाप गर्दा दुखित हुन्छौ (एफिसी ४:३०) र हामीलाई पश्चाताप गर्न मद्दत गर्दछ - जसले क्षमा (युहन्ना १६:८) र पुनर्स्थापना (१ युहन्ना १:९) ल्याउँछ।

४.हामीलाई प्रार्थना गर्न मद्दत गर्दछ, परमेश्वरसँग हाम्रो लागि मध्यस्थता गर्दछ (रोमी ८:२६-२७) ।

५.हामीलाई परमेश्वरको इच्छामा कार्य गर्न (गलाति ५:१६) र धार्मिक रूपमा जीवन यापन गर्न (रोमी ८:१४) सामर्थ्य दिन्छ ।

६.आत्माले हाम्रो जीवनमा परमेश्वरको स्वभावका गुणहरू - आत्माको "फल" उत्पादन गर्दछ (गलाति ५:२२-२३) ।

७.हामीलाई परमेश्वर र उनका जनताको सेवा गर्न मद्दत पुऱ्याउन आध्यात्मिक "उपहार" दिन्छ (१ कोरिन्थी १२:११) ।

८.हामीलाई शान्ति दिन्छ, जसले हामीलाई चिन्ता र डर बिना आराम दिन्छ ( युहन्ना १४:२७; फिलिप्पी १:१९) ।

९.हामीलाई येशूले जसरी आनन्द दिएका थिए, त्यसैगरी आनन्द दिन्छ (युहन्ना १५:११; प्रेरित १३:५२) ।

१०.हामीलाई परमेश्वरको प्रेम दिन्छ, जसले हामीलाई परमेश्वर र अरूसँगको प्रेम बढाउन सक्षम बनाउँछ जुन हामी आफैंले कहिल्यै गर्न सक्दैनौं (युहन्ना १५:९-१०) ।

## कहिल्यै असफल नहुने साहयता

हामीले सहायकको यी धेरै विशेषताहरूलाई एक अमूर्त तरिकामा हेर्नु हुँदैन यसलाई केवल परमेश्वरको आत्माको बायोडाटा वा रिजुमेको रूपमा नहेर्नुहोस् । बरु, यी सबै व्यक्तिगत मद्दतका सुनिश्चितता हुन् जुन येशूले हरेक विश्वासीलाई प्रतिज्ञा  गर्नुभएको थियो, जुन सधैं हामीलाई उपलब्ध हुनेछ । पुरानो नियमको समयमा, परमेश्वरको आत्माले प्राय: व्यक्तिहरूसँग विशेष कामहरू गर्नका लागि आउँथ्यो र पछि उनीहरूलाई छोडिदिन्थ्यो (न्यायकर्ता ३:१०; आदि) । तर नयाँ नियममा, जब पवित्र आत्मा येशूका अनुयायीहरूलाई पठाइयो, तब यसलाई उनीहरूको साथ सधैँ रहने र मद्दत गर्ने गरी दिइयो, जति बेला हामी येशूसँग रहन्छौं । जस्तै येशू आफैले भनेका थिए, "मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु ।" (मत्ती २८:२०) । येशूलाई थाहा थियो कि उनले आफ्नो आत्मा मार्फत हामीसँग सधैँ रहने छन् र यही नै उनको प्रतिज्ञा  गरेको सधैंको र कहिल्यै असफल नहुने मद्दतको आधार थियो ।

# ३.सेवा

# Service

*तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु* ( यूहन्ना १४:१३ ) ।

यो प्रतिज्ञा यसको परिमाणमा लगभग चकित पार्ने खालको छ, यतिमात्र नभएर यसमा दुईवटा महत्वपूर्ण सीमा पनि समावेश छन्, जुन हामीले गम्भीर रूपमा विचार गरेनौ भने ध्यान नपुग्न सक्छ । येशूको प्रतिज्ञाको परिमाण स्पष्ट र अद्भुत छ - यदि हामीले सही तरिकाले माग्यौं भने उहाँले हामी जे माग्छौं त्यो गर्न तयार हुनुहुन्छ , र यो यति स्पष्ट छ कि यसमा टिप्पणी गर्न मुस्किल पर्छ । येशूले आधा प्रतिज्ञा गर्नुहुन्न, तर हामीले सेवा गर्ने उद्देश्यले जे माग्छौ त्यो पुरा गर्ने निश्चित गर्नुहुन्छ । धेरैजसो इमान्दार विश्वासकर्ताहरूले येशूले हामीलाई के प्रस्ताव गर्नुहुन्छ भन्ने स्वभाव बुझ्न नसकी यो प्रतिज्ञा दाबी गर्न खोज्छन्, र यसको परिणाम स्वरूप निराशा हुन सक्छ ।

यो प्रतिज्ञा कुनै पनि परिस्थितिमा परमेश्वरको सहयोगको ग्यारेन्टीको रूपमा कहिल्यै अभिप्रेरित गरिएको थिएन । यो आत्मिक "वेंडिङ मेसिन" होइन, जसले हामीलाई आवश्यक परेको जुनसुकै समयमा परमेश्वरको सहयोगको प्रतिज्ञा गर्छ । तर जब हामीले येशूले गर्नुभएको वास्तविक प्रतिज्ञाको प्रकृतिलाई बुझ्छौं, तब यो कति अद्भुत उपहार हो भन्ने कुरा देख्छौं । पहिलो, हामी येशूले यो प्रतिज्ञामा राखेका दुई सीमाहरूको बारेमा हेरौं ।

## येशूको नाममा

येशूले आफ्नो सहयोगको प्रतिज्ञा दिनुहुँदा लगाउनु भएको पहिलो सीमा सरल छ, तर हामीले यसलाई ठीकसँग बुझ्नुपर्छ । "मेरो नाममा जे माग्छौ" भन्ने शब्दहरूले मात्र "येशूको नाममा" वा "येशूको नामले" भन्ने सूत्र प्रयोग गर्नु कुनै प्रकारको जादू मन्त्र हो जसले चमत्कारी रूपमा कुरा पूरा गराउँछ भन्ने अर्थ गर्दैन । यी शब्दहरूले परमेश्वरलाई प्रार्थनाको उत्तर दिने लिखित ग्यारेन्टी छ भन्ने सम्झना

गराउनको लागि भनेका होइनन् - जस्तै धेरै शास्त्रहरूले देखाउँछन् (प्रेरित १९:१३; २ कोरिन्थी १२:८-९; आदि) ।
धेरैजसो बाइबल पढ्नेहरूले "येशूको नाममा" भन्ने अभिव्यक्तिले प्रायः येशूको अधिकारले केही गरिँदैछ वा "येशूको तर्फबाट" केही गरिँदैछ भन्ने अर्थ दिन्छ भन्ने बुझेका हुन्छन् । तर यो अभिव्यक्तिले नयाँ नियममा धेरैजसो अन्य, एकदम फरक अर्थहरू पनि दिन सक्छ । वास्तवमा, "येशूको अधिकारद्वारा" भन्ने अर्थ "येशूको नाममा" को सात अर्थहरूमध्ये केवल एक हो, र नयाँ नियममा यो अभिव्यक्तिको प्रयोग गरिने सातवटा तरिकाहरूको बारेमा जानकार हुनु राम्रो हुन्छ ।

१. येशूको अधिकारद्वारा - नयाँ करारले "येशूको नाममा" भन्ने वाक्यांशले दिने सबैभन्दा सामान्य अर्थहरूमध्ये यो एक हो ।

२.प्रेरितका पुस्तकमा, यहूदी अगुवाहरूले प्रेरितहरूलाई "येशूको नाममा" आज्ञा दिएको पढ्न पाइन्छ, तर उनीहरूले पक्कै पनि येशूको अधिकारमा बोल्ने गरेका थिएनन् । "अनि यिनीहरूलाई बोलाएर "अब उप्रान्त येशूको नाउँमा नबोल्नू र कुनै शिक्षा नदिनू" भनी तिनीहरूले आज्ञा दिए"(प्रेरित ४:१८) । यसको सरल अर्थ हो कि प्रेरितहरूलाई येशूले सिकाउनुभएको सुसमाचार नबोल्न र नसिकाउन भनिएको थियो (हेर्नुहोस्, प्रेरित ५:४०) तब उनीहरूले तिनका सल्लाह माने। अनि उनीहरूले प्रेरितहरूलाई भित्र बोलाएर पिटे, र "येशूको नाउँमा नबोल्नू" भन्ने आज्ञा दिई तिनीहरूलाई छोडिदिए( प्रेरित ५:४०) ।

३. येशूको चरित्रसहित बोल्ने वा काम गर्ने- बाइबलको समयमा, कुनै व्यक्तिको नाम प्रायः त्यस व्यक्तिको चरित्रसँग सम्बन्धित हुन्थ्यो। यस अर्थमा, येशूको नाममा केही भन्नु वा गर्नु भनेको येशूले जसरी गर्नुहुन्थ्यो त्यसरी नै गर्नु हो - जस्तै जब पावलले लेखे, तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो" (फिलिप्पी २:५, ।

४. यसो गर्नु भनेको येशूका लागि गरेको जस्तै गर्नु हो - बाइबलमा "येशूको नाममा" भन्ने वाक्यांशले के कुरा जनाउँछ भने हामीले कुनै काम गर्दा येशूका लागि गरेको जस्तो गर्नुपर्छ । जस्तै जब प्रेरित पावलले लेखे, तिमीहरू जे गर्छौ

दिलोज्यानले गर्न गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै," (कलस्सी ३:२३) । हामीले जे काम गरे पनि - चाहे त्यो हाम्रो रोजगारी होस्, हाम्रो परिवारलाई खुवाउनु होस्, वा हाम्रो घरको घाँस काट्नु नै किन नहोस् - हामी ती सबै कुरा येशूका लागि गरेको जस्तो गरेर गर्न सक्छौं ।

५. येशूको नाममा धन्यवाद दिनु-पावलले "येशूको नाममा" भन्ने अभिव्यक्तिको अर्थ देखाउँदा लेखेका थिए कि हामीले " सधैं सबै कुराका निर्मत हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ" (एफिसी ५:२०) । हाम्रा मध्यस्थकर्ताको रूपमा, येशूले हाम्रा धन्यवादलाई पितासम्म पुऱ्याउनुहुन्छ - उहाँको नाममा - र हामी कुरा वा काममा जे-जे गर्छौं, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढ़ाउँदै प्रभु येशूको नाउँमा गर" (कलस्सी ३:१७) ।

६. हाम्रो इच्छा परमेश्वरको इच्छासँग मिलाउनु - "येशूको नाममा" केही गर्ने भन्नेले कहिलेकाहीं हाम्रो इच्छा र हाम्रो प्रार्थनाहरू उहाँको इच्छासँग मिलाउनु भन्ने अर्थ दिन सक्छ । यस अर्थले येशूको अधिकारलाई बल दिनुभन्दा उहाँको प्रार्थनाको तरिका र सबै कुरा परमपिताको इच्छाअनुसार गर्ने कुरालाई जोड दिन्छ।

७. यीशुको नाम वा शरीरमा। ग्रीक प्रीपोजिसन "ईस" जसलाई "यीशुको नामम" भन्ने वाक्यमा "मा" को रूपमा अनुवाद गरिएको छ, त्यो "into" (भित्र) को अर्थ पनि दिन्छ, र यो केही पदहरूमा देखा पर्न सक्छ जुन मानिसहरू यीशुको नाममा बप्तिस्मा लिँदा प्रयोग गरिएको छ। उदाहरणका लागि, हामी पढ्छौं: "उनीहरू प्रभु यीशुको नाममा बपतिस्मा लिए" (प्रेरित काम १९:५ ASV, BSB, CSB आदि) । यसको कारण यो हो कि हामी ख्रीष्टको शरीरमा बप्तिस्मा लिन्छौं: "एक आत्मामा हामी सबै एक शरीरमा बपतिस्मा लिएका हौं" (१ कोरिन्थी १२:१३ ESV) ।

यसको अर्थ "येशूको नाममा" नयाँ नियममा सातवटा भिन्न अर्थहरू छन्, र यी शब्दहरू जहाँ प्रयोग भएका छन्, त्यहाँको प्रसङ्गलाई ध्यानपूर्वक हेर्न आवश्यक छ, ताकि हामीलाई थाहा होस् कि ती कसरी प्रयोग गरिएको छन् । तर यी सबै अर्थहरू त्यसै चीजद्वारा समेटिएका छन् जुन येशूले भनेका थिए " तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु" -

हामी यसलाई देख्न सक्छौं जब हामी उहाँले आफ्नो वचनमा राखेका दोस्रो सीमिततालाई हेरौं ।

## पितालाई महिमा दिनु

"तिमीहरूले मेरो नाममा जे माग्छौ" भनेर भन्नु भएपछि, येशूले आफ्नो वचनको दोस्रो सर्त थप्नुभयो - "पुत्रमा पिताको महिमा होस्" यो दोस्रो सर्तले पहिलो सर्तलाई स्पष्ट पार्छ । यसले देखाउँछ कि हामीले येशूलाई उनको नाममा गर्न माग गर्ने कुरा मुख्यत: हाम्रा आफ्नै आवश्यकताहरू वा चाहनाहरूका लागि होइन, तर ती कुरा हुन् जसले पितालाई उनको पुत्रको कार्यद्वारा महिमा दिन्छ । यसको भनाई अरू कारणका लागि प्रार्थनाहरू कहिल्यै पूरा हुँदैनन् भन्ने भने चाहिँ होईन । येशूले हामीलाई हाम्रा दैनिक आवश्यकताहरूका लागि प्रार्थना गर्न सिकाउनुभयो (मत्ती ६:११), तर यो प्रतिज्ञा (यूहन्ना १४:१३) मा हाम्रा आवश्यकताहरू होइन, तर परमेश्वरका उद्देश्यहरू सम्बोधित गरिएका छन् ।
उदाहरणका लागि, प्रार्थना "पिता, कृपा गरि मलाई येशूको नाममा निको पार्नुहोस्," भन्ने प्रार्थना अहिलेको समयमा परमेश्वरले सुन्नुहुन्छ या सुन्नुहुन्न भन्न सकिँदैन । तर प्रार्थना "पिता, मलाई यो दिन तपाईंले दिनुभएको काम पूरा गर्न आवश्यक बल दिनुहोस" भन्ने प्रार्थनाले त्यो अनुरोधलाई बुझाउँछ जुन परमेश्वरको उद्देश्य र महिमाको लागि हो - र येशूको मदतको प्रतिज्ञा ।
येशूले आफूले प्रार्थना गरेका कुराहरुलाई परमेश्वरको महिमासँग जोड्नुभएको थियो। यो कुरा यूहन्नाको सुसमाचारका दुई उदाहरणबाट स्पष्ट हुन्छः
" हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस ।" तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, "मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु" (यूहन्ना १२:२८);
तर यो सुनेर येशूले भन्नुभयो, "यस बिरामीले मृत्युमा पुऱ्याउँदैन, तर यो परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस् " (यूहन्ना ११:४);
" जब त्यो बाहिर गयो तब येशूले भन्नुभयो, "अब मानिसको पुत्र महिमित भएको छ, र परमेश्वर उसमा महिमित हुनुभएको छ" (यूहन्ना १३:३१) ।

परमेश्वरलाई महिमा दिनु वास्तवमा यूहन्नाको सुसमाचारको मुख्य विषय हो, र उनले "परमेश्वरलाई महिमा" भन्ने अभिव्यक्तिलाई बारम्बार प्रयोग गरेका छन् । उदाहरणका लागि, यूहन्नाले उल्लेख गरेका येशूका सात आश्चर्यकर्महरूमध्ये पहिलो र अन्तिम आश्चर्यकर्मलाई विशेष रूपमा परमेश्वरको महिमाको अभिव्यक्तिको रूपमा गरिएको भनिएको छ (यूहन्ना २:११; यूहन्ना ११:४, ४०) । यद्यपि यो स्पष्ट रूपमा भनिएको छैन, येशूका अरू आश्चर्यकर्महरू पनि स्पष्ट रूपमा त्यही लक्ष्यका लागि गरिएको थियो ।

हामीसँग आश्चर्यकर्म गर्ने शक्ति नहुन सक्छ, तर परमेश्वरले हरेक विश्वासीलाई आफूलाई महिमा दिने तरिकामा बाँच्न र काम गर्न मौका दिनुहुन्छ । यसैले, जब हामी येशूको यो महान् प्रतिज्ञालाई ठीकसँग बुझ्छौं, हामी बुझ्छौं कि यसले हाम्रो व्यक्तिगत आवश्यकताहरूका लागि अनुरोधहरूलाई साँच्चै समेट्दैन, जबसम्म तिनीहरू परमेश्वरको महिमाका लागि हुँदैनन् । हाम्रो आफ्ना व्यक्तिगत आवश्यकताहरूका लागि, परमेश्वरको वचनमा अरू धेरै प्रतिज्ञाहरू छन् - जस्तै जब प्रेरित पावलले भन्छन: "मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो खीष्ट येशूमा पूरा गरिदिनुहुनेछ"(फिलिप्पी ४:१९) ।

"तिमीहरूले मेरो नाममा केही माग्यौ भने, म त्यसलाई पूरा गर्नेछु" भन्ने वचनले हामीलाई जुनसुकै कुरा माग्न सक्छौं भन्ने सामान्य घोषणा होइन, न त परमेश्वरबाट चाहिने या आवश्यक पर्ने कुराहरू प्राप्त गर्ने कुनै आश्वासन नै हो । बरु, यो परमेश्वरको काम र महिमासँग सम्बन्धित भएर प्रार्थना गर्नुपर्ने तरिका बताउने एक वचन हो । यो अर्थमा, यो हामीलाई सेवा गर्न मद्दत गर्ने प्रतिज्ञा हो । पावलले यसलाई स्पष्ट रूपमा भनेका छन्, "परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैं नै हरेक कुरा प्रशस्त होस्, र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक" (२ कोरिन्थी ९:८) ।

यूहन्ना १४:१३ मा आफ्ना अनुयायीहरूलाई दिनुभएको येशूको महान प्रतिज्ञा यो थिएन कि उहाँले हामीले मागेको कुनै पनि कुरामा सेवा गर्नुहुनेछ, तर यो थियो कि उहाँले व्यक्तिगत रूपमा हामीलाई हाम्रो स्वर्गीय पितालाई सेवा गर्न र महिमा गर्न सहयोग गर्नुहुनेछ । यही भावना हो जसमा उहाँले आफ्नो प्रतिज्ञाले हामीलाई हौसला दिनुहुन्छ, र यही कारणले उहाँले आफ्ना अनुयायीहरूलाई भन्नुभयो:

अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ। माग, अनि तिमीहरूले पाउनेछौ। यसरी तिमीहरूको आनन्द पूर्ण होओस्” (यूहन्ना १६:२४) ।

येशूको वचनले हामीलाई एक थप पाठ सिकाउँछ । यो केवल उहाँको सहायताको प्रतिज्ञा मात्र होइन, तर यो हामीलाई सम्झाउँछ कि हामीलाई उहाँको सहायताको पनि आवश्यकता छ ! येशूले आफ्ना चेलाहरूलाई भन्नसभयो कि जब परमेश्वरको काम र उहाँको महिमा गर्ने कुरा आउँछ, तब उहाँ आफैंले केही गर्न सक्नुहुन्न ( यूहन्ना ५:३०) । हामीले सँधै सम्झनु पर्दछ कि हामीलाई पनि यी कामहरू गर्न येशूको प्रतिज्ञाप्राप्त सहयोगको आवश्यकता छ, र जब हामी उहाँको नाममा माग्छौ भने त्यो हामीलाई दिइनेछ - र हाम्रो खुशी पूर्ण हुनेछ ।

# ४.विश्राम
## Rest

*२८. "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९. मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ । ३०. किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ"* ( मत्ती ११:२८-३०) ।

यो उत्साहजनक बचनहरू धेरैलाई कण्ठस्थ नै छ, तर यस पुस्तकको अघिल्ला अध्यायहरूमा जाँच गरिएको प्रतिज्ञा जस्तै, यी शब्दहरूमा एक यस्तो संसारको अर्थ छ जुन हामी नजिकबाट न हेरिकन गुमाउन सक्छौं। पहिले, यस प्रतिज्ञाको द्विगुणी पक्षलाई ध्यान दिनुहोस् दुई समूहहरूलाई सम्बोधन गरिएको छ - थाकेका र भारित; दुई निमन्त्रणा गरिएको छ - मसीहकहाँ आउन र उनको जाडो लिन; र विश्रामका दुई प्रतिज्ञा गरिएको छन् - "म तपाईंलाई विश्राम दिनेछु" र "तपाईं विश्राम पाउनेछौं।" हामी यी यी प्रतिज्ञाका द्विगुणी पक्षहरूलाई व्यक्तिगत रूपमा हेर्नेछौं ।

**आओ र लेओ**

येशूले हामीलाई दुई तर्फी आह्वान गर्दै यो प्रतिज्ञा दिनुहुन्छ - "मकहाँ आउ" र "मेरो जुवा आफूमाथि लेआ". पहिलो कुराले यसको अर्थ सामान्यतया प्रष्ट देखिन सक्छ, तर हामीले यस वाक्यमा प्रयोग भएको "आउ" (ग्रीक deute) शब्दलाई ध्यान दिनु पर्छ जसले "सकारात्मक तात्कालिकता" को भावना व्यक्त गर्दछ । यो एउटा निमन्त्रण र आदेशको बीचको अवस्था हो, यसलाई सबैभन्दा राम्रो अर्थमा "प्रेरणा" भनेर वर्णन गर्न सकिन्छ । तर, यो कुनै नैतिक वा अन्यथा आवश्यक केहि गर्नको लागि होइन, बरु हामीलाई केहि फाइदाजनक गर्नको लागि प्रेरणा हो । यस अभिव्यक्तिमा पनि तत्काल कार्य गर्ने कुरा छ, कुनै अनिश्चित समयमा नभई अहिले नै (जस्तै, मत्ती २१:३८; २८:६ हेर्नुहोस) । हामीलाई हिचकिचाउन अनुमति छैन, बरु यो प्रतिज्ञा प्राप्त गर्न हामी हतोत्साहित वा अत्यधिक थाकेका अवस्था सम्म नपर्खि चाँडो जानको लागि प्रेरित गरिन्छ ।

## थाकेका र बोझले दबिएका

यी शब्दहरूले मानवीय परिश्रम र चिन्ताको प्रत्येक प्रकारलाई समेट्न पर्याप्त रूपमा विस्तृत छन् भन्ने तथ्यमा ठूलो हौसला छ । पहिलो शब्द सक्रिय छ भने दोस्रो निष्क्रिय - अर्को शब्दमा, "थाकेका" ले कुनै पनि प्रकारको काम र क्रियाकलापबाट हुने प्रभावहरूलाई समेट्छ, र " बोझले दबिएका" ले बाह्य कारणले उत्पन्न हुने दु:ख, डर, र अन्य मानसिक तथा भावनात्मक बोझलाई समेट्छ ।

